सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २०३ ♦ २०८१ साल वैशाख ४ गते मंगलबार♦ 16 April 2024 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ www.shirishnews.com

## नागरिक उन्मुक्तिसँग एकीकरण गर्ने सद्भावनाको सहमति भङ्ग



**खबर दर्पण समाचारदाता**

**वैशाख ३ गते, ढल्केवर**

नेपाल सद्भावना पार्टीले नागरिक उन्मुक्ति पार्टीसँग एकीकरण गर्ने सहमति भङ्ग गरेको छ। सोमबार सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले जारी गर्दै नाउपासँग पार्टी एकीकरण गर्ने सहमति भङ्ग गरेको बताउनुभएको छ।

नेपाल सद्भावना पार्टीको केन्द्रीय कार्यालय जनकपुरधाम बसेको कार्यकारणी समितिको बैठकले सो निर्णय गरेको जनाइएको छ। नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरी र अध्यक्ष रन्जिता श्रेष्ठ चौधरीबिचको विवादका कारण पार्टी देश र जनताको हितमा काम गर्न नसकेको र दुवै जना व्यक्तिगत स्वार्थ पूरा गर्नेतर्फ अग्रसर भएकाले सद्भावना पार्टी सो पार्टीसँग अगल हुने निर्णय गरेको छ।

२०८० साउन १४ गते रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी र महतो अध्यक्ष रहेको नेपाल सद्भावना पार्टीबिच एकीकरण भएको थियो। पार्टी एकीकरण पश्चात् नेसपाका अध्यक्ष महतोलाई नाउपाका केन्द्रीय उपाध्यक्ष पदमा मनोनीत गरेको थियो।

## बञ्चरो उछिट्टिएर धनुषामा एक जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**वैशाख ३ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-९, बडहरीमा राँगा काट्न आफैले प्रहार गरेको बञ्चरो उछिट्टिएर एक जनाको मृत्यु भएको छ।

प्रहरीका अनुसार सोमबार सोही ठाउँका ५२ वर्षीय जिमान तामाङको मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक राजकिशोर साहले तामाङ आफैले राँग काट्न प्रहार गरेको बञ्चरो उछिट्टिएर उहाँको आफ्नै खुट्टा काटिएको बताउनुभयो।

खुट्टा काटिएर घाइते भएका तामाङलाई उपचारका लागि महोत्तरीको बर्दिबास शुभ स्वस्तिक अस्पताल पठाइएकोमा चिकित्सकले मृत घोषण गरेको जानकारी दिनुभयो।

## पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढ्यो




**काठमाडौं** / नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। भारतबाट मूल्य बढेर आएको भन्दै निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाउने निर्णय गरेको हो।

निगम सञ्चालक समितिको बैठकले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँको दरले मूल्य बढाउने निर्णय गरेको निगमका प्रवक्ता मनोज कुमार ठाकुरले जानकारी दिए। बढेको मूल्य मंगलबार बिहान १ बजेदेखि लागू हुने छ।

# मुख्यमन्त्री यादवको एक वर्ष तीन महिना : चौथो पटक विश्वासको मत लिंने

**खबर दर्पण समाचारदाता**

**वैशाख ३ गते, जनकपुर**

मधेश प्रदेश सरकारको नेतृत्व अर्थात् मुख्यमन्त्रीको पदभार सम्हाल्नु भएको सरोजकुमार यादवको कार्यविधि एक वर्ष तीन महिना छ दिन मात्र भएको छ। यस अवधिमा तीन पटक सत्ता गठबन्धनमा सहभागी राजनीतिक दलहरू विश्वासको मत फिर्ता लिएका छन्। र तीन पटक सत्ता गठबन्धनमा पनि फेरबदल भएपछि बाहिरिने दल विश्वासको मत समेत फिर्ता लिइँदै आएका छन्। सत्ता साझेदारी दलको गठबन्धन भत्किए, पुनः गठबन्धन भए तर, नेतृत्वमा कुनै परिवर्तन भएन। जनता समाजवादी पार्टी नेपालको नेतृत्वका मुख्यमन्त्री यादवले तीनै पटक विश्वासको मत प्राप्त गर्नुभयो। दुई पटकसम्म सबै सांसद, दलको विश्वासको मत पाउनु भएको थियो भने तेस्रो पटक नेकपा एमाले र जनमत पार्टीको विश्वासको मत पाउनु भएको थिएन।

पछिल्लो समय सत्ता गठबन्धन फेरि फेरिएको छ। सत्ता साझेदारी नेपाली कांग्रेस बाहिरिएपछि गत २०७९ चैत ९ गते विश्वासको मत फिर्ता लिएको छ। कांग्रेसले विश्वासको मत फिर्ता लिएको कारण मुख्यमन्त्री अब चौथो पटक विश्वासको मत प्राप्त गर्न लाग्नु भएको छ। उहाँले विश्वासको मतका लागि मङ्गलबार अर्थात् वैशाख ४ गते दिउँसो १ बजे प्रदेश सभाको बैठक बोलाउनु भएको मधेश प्रदेश सभाका सूचना अधिकारी चन्दनकुमार ठाकुरले जानकारी दिनुभयो। प्रदेश सभाको बैठकमा मुख्यमन्त्रीले विश्वासको मत लिनुहुने पत्र प्राप्त भएको उहाँले भन्नुभयो।

मुख्यमन्त्री यादवले तेस्रो पटक २०७९ फागुन ६ गते विश्वासको मत लिनु भएको थियो। त्यसबेला विश्वास मत प्रस्तावको पक्षमा ६९ मत र विपक्षमा ३५ मत प्राप्त भएको हो। प्रदेशसभामा १०७ जना सदस्यमा सो बैठकमा १०४ जना उपस्थित रहनु भएको थियो। पक्षमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), र राप्रपा, नेपाल सङ्घीय समाजवादी



पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरूले मतदान गर्नु भएको थियो। विपक्षमा भने नेकपा एमाले र जनमत पार्टीले मतदान गरेको थियो।

यसैगरी, २०८० जेठ १ गते मधेश सरकारमा रहेको नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले ३० औँ दिनमा जेठ ३० गते दोस्रो पटक विश्वासको मत लिनुभएको थियो। २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त यादव पहिलो पटक २०७९ माघ ४ गते विश्वासको मत लिनु भएको थियो। त्यसबेला बैठकमा उपस्थित १०२ जना सभा सदस्यहरूले विश्वासको मत दिनु भएको थियो। विपक्षमा शून्य मत प्राप्त भएको थियो।

**विश्वास मत लिने प्रावधान**

सरकारलाई दिएको समर्थन कुनै दलले फिर्ता लिएमा पुनः ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधान २०७२ को धारा १८८ को २ मा सरकारलाई

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौं।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# नगरवासीलाई घरदैलौमै सेवा उपलब्ध गराउन एकीकृत घुम्ती शिविर



**नागेन्द्रकुमार कर्ण**

**वैशाख ३ गते, जलेश्वर**

जिल्लाको मटिहानी नगरपालिकाले हरेक वर्ष झैँ यसवर्ष पनि नगरवासीलाई घरदैलौमा नै सम्पूर्ण सेवा उपलब्ध गराउने उद्देश्यले एकीकृत घुम्ती शिविर प्रारम्भ गरेको छ । मटिहानी नगरपालिकाले पालिका र वडाहरूबाट प्रदान हुने सम्पूर्ण सेवा एकै ठाउँबाट उपलब्ध गर्ने गरी सोमबारदेखि एकीकृत घुम्ती सेवा प्रारम्भ गरेको हो ।

नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले नगरपालिकाको वडा नं. ५ गौबरौराबाट एकीकृत घुम्ती शिविरको प्रारम्भ गर्नुभएको जानकारी दिनुहुँदै यसले नगर वासीका गुनासोहरू समेत सुन्ने मौका मिल्ने र घरदैलौमै नगर वासीलाई सेवा उपलब्ध हुने बताउनुभयो ।

एकीकृत घुम्ती शिविरको उद्घाटन गर्नुहुँदै नगरप्रमुख मण्डलले पालिका र वडाबाट हुने सम्पूर्ण सेवा एकै ठाउँबाट दिँदा वृद्धवृद्धा, अपाङ्गता भएकाहरू बढी लाभान्वित हुने बताउनुभयो ।

उहाँले शिविरमा योजना सम्बन्धी अभिमुखीकरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि दरखास्त सङ्कलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, कृषि कार्यका लागि माटो परीक्षण तथा कृषि मिटर सिफारिस, तरकारीको मिनी किट वितरण, गोबर र पशुहरूको गर्भ परीक्षण, पशुपन्क्षी सम्बन्धी परामर्श तथा औषधी वितरण, राजस्व असुली, गरिब परिचयपत्र वितरण, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सम्पूर्ण सेवाहरू एकै थलोबाट प्रदान गरिने बताउनुभयो ।

वडाहरू तथा पालिकाबाट नगरवासीहरूलाई सेवा प्रवाहमा भइरहेको कठिनाइ तथा नगरवासीको समस्या सुन्ने तथा तत्कालै समाधान हुन सक्ने समस्याहरूलाई समाधान गर्ने समेत लक्ष्य शिविरमा रहेको नगरप्रमुख मण्डलको भनाइ थियो ।

शिविरबाट सबै जनालाई लाभ लिन आग्रह गर्नुहुँदै नगरप्रमुख मण्डलले हरेक वर्ष झैँ यसवर्ष पनि एकीकृत घुम्ती शिविरलाई निरन्तरता दिइएको र आगामी दिनमा समेत निरन्तरता दिइने बताउनुभयो ।

एकीकृत घुम्ती शिविर शुभारम्भ कार्यक्रमको अध्यक्षता वडा नं.५ का वडाध्यक्ष मिश्री नायकले गर्नुभएको थियो भने कार्यक्रममा नगरपालिकाका उपप्रमुख मञ्जु देवी साह, वडा नं. १, ६, ७ र ८ का वडा अध्यक्षहरू क्रमशः शिवशङ्कर कुमार राय, कलीम अन्सारी, जितनारायन माझी, रितेश साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, योजना अधिकृत राजेश शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह, सम्पूर्ण शाखाका शाखा प्रमुखहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

***सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।***


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा धुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि वैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# एकीकृत समाजवादीप्रति ओलीको कटाक्ष : कांग्रेस छोड्न सकेन



**खबर दर्पण समाचारदाता**
**वैशाख ३ गते, काठमाडौं**

सत्तारुढ प्रमुख घटक नेकपा ( एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता गठबन्धनलाई कमजोर बनाउने कदम चालेको भन्दै नेकपा (एकीकृत समाजवादी) पार्टीप्रति आपत्ति जनाएका छन्।

अध्यक्ष ओलीले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री बनाउने बेलामा कांग्रेस निकट भएमात्रै नागरिक उन्मुक्ति पार्टीलाई मुख्यमन्त्रीमा सहयोग गर्न सकिने भनि माधवकुमार नेपाल नेतृत्वको नेकपा एसले चालेको कदम अराजनीतिक प्रवृत्तिको भएको भन्दै आक्रोश व्यक्त गरेका हुन्।

सोमवार पार्टी संसदीय दलको बैठकमा बोल्दै उनले कांग्रेस नजिक भएर सत्ता समिकरणलाई कमजोर बनाउने र यसलाई असफल बनाउन नेकपा एसले अराजनीतिक निर्णय लिएको आरोप समेत लगाए। उनले सुदूरपश्चिम प्रदेशमा कांग्रेस केन्द्रित समीकरणबाट नागरिक उन्मुक्ति पार्टीलाई समर्थन गर्ने नेकपा एसको दक्षिणपन्थी अवसर वादी चरित्र धेरै नांगो ढंगबाट प्रकट भएको जिकिर पनि गरे।

'एकीकृत समाजवादी के नामको पार्टी, त्यसले त्यस प्रकारको अर ाजनीतिक निर्णय लियो' उनले भने, 'आन्तरिक रुपमा त्यसका बोली, व्यवहार, बार्गेनिङ सबै त्यस्तै खालको थिए। तर हिजो बाहिर नै प्रकट भयो। यस समीकरणबाट नागरिक उन्मुक्ति पार्टीलाई समर्थन नगर्ने। कांग्रेस केन्द्रित समीकर णबाट नागरिक उन्मुक्तिलाई समर्थन गर्ने। एस पार्टीको दक्षिणपन्थी अवसरवादी चरित्र धेर ै नांगो ढंगले प्रकट भयो।'

कांग्रेस लगायतका विपक्षहरुको आशा पलाउने तथा जनतामा आशंका, अन्योल र निराशा केही मात्रामा भएपनि पैदा हुनेगरी नेकपा एसले सो निर्णय लिएको ओलीको भनाई थियो।

उनले कम्युनिष्ट साईनबोर्ड राख्ने, नेकपा राख्ने अगाडि र काम अरुको हितमा गर्ने र समाजवादको पक्षधरहरुलाई कमजोर पार्ने खालको भुमिका नेकपा एसको देखिएपनि आफ्नो पार्टी समाजवाद प्राप्त गर्ने लक्ष्यका साथ मिसन २०८४ लाई सफल पार्न लागि रहने बताए।


अध्यक्ष ओलीले नेकपा एमालेको ध्यान आगामी निर्वाचनमा बलियो राजनीतिक शक्तिको रुपमा स्थापित हुने रहेकाले त्यसलाई सफल बनाउन लागिपर्ने बताए।

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खर ानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

डिभिजन सडक कार्यालय
मुजेलिया, जनकपुर

# रवि लामिछानेले सहकारीबाट २ करोड लिएको मिसिल पुग्यो अदालत




**खबर दर्पण समाचारदाता**
**वैशाख ३ गते, काठमाडौं**

बुटवलको सुप्रिम सहकारी ठगीको आरोपमा २८ जनाविरुद्ध जिल्ला अदालत रुपन्देहीमा मुद्दा दायर भएको छ। उनीहरूविरुद्ध सहकारी ठगीको आरोपमा मुद्दा दायर भएको हो।

१८ सय २८ जना बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ ठगीको आरोप उनीहरूमाथि छ। यसरी बचतकर्ताको रकम यी २८ प्रतिवादीको संलग्नतामा विभिन्न व्यक्तिको नाममा अपचलन गरेको प्रहरीको अनुसन्धानबाट पुष्टि भएको छ।

अभियोग पत्रमा गृहमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई प्रतिवादी बनाइएको छैन। तर, उनको नाममा २ करोड रुपैयाँ निकासा पाइएको अभियोग पत्रमा उल्लेख छ।

सुप्रिम बचत तथा ऋण सहकारी संस्थाले रकम पठाएका कम्पनीहरूका सञ्चालक समितिहरूको नाम र विवरण पनि राखिएको छ। यसमा पनि रवि लामिछानेको नाम उल्लेख छ।

गोर्खा मिडिया नेटवर्क प्रालिको सञ्चालकमध्येमा रवि लामिछानेको पनि नाम मिसिलमा खुलाइएको हो। यसरी रकम अपचलन गर्ने कम्पनीमा रवि लामिछानेको एक लाख ८० हजार कित्ता सेयर रहेको देखिएको छ। यो सेयरको मूल्य एक करोड ८० लाख रुपैयाँ कायम गरिएको छ। २०७८ पुस ७ गते गोर्खा मिडिया नेटवर्क प्रालिको सेयर उनको नाममा कायम भएको थियो।

यस्तै रवि लामिछाने/गोर्खा मिडिया नेटवर्क प्रालि खाता नम्बर ००१-००१-१०५-००००२२४ मा २ करोड रुपैयाँ निकासा भएको देखिएको छ।

मिसिलमा उल्लेख गरिएको छ, 'उक्त रकम श्री रवि लामिछानेको नाममा ऋण खडा गरी मिति २०७७ चैत १८ गते श्री गोर्खा मिडिया नेटवर्क प्रालिको ग्लोबल आईएमई बैंक लिमिटेडको खातामा सेवा शुल्कबापत चार लाख रुपैयाँ कट्टी गरी संस्थाले १ करोड ९६ लाख रुपैयाँ जम्मा गरेको देखिन्छ।'

अनुसन्धानको मिसिलमै रविका नाममा रकम निकासा भएको उल्लेख गरिए पनि प्रहरीले लामिछानेसँग सोधपुछ कागज गराएको छैन। यसअघि भेपको सुन प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महराको फोन सम्पर्क देखिएको र बयानमा एक प्रतिवादीले भेप छुटाउन महराले टेलिफोन गरेको बयान दिँदा महरा पक्राउ परेका थिए।

महरालाई पनि प्रहरीले सुरुमा प्रतिवादी बनाएको थिएन। दोस्रोपटक कागज गराएर मिसिल बुझाएको प्रहरीले तेस्रोपटक मात्रै उनलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको थियो।

रवि लामिछानेको हकमा पनि प्रहरीले अहिले सामान्य सोधपुछसमेत गरेको छैन। रवि लामिछानेविरुद्ध पोखराको सूर्यदर्शन सहकारीको रकम ठगीको आरोपमा पनि जाहेरी परेको छ।

तर प्रहरीले त्यसलाई ठाडो उजुरी भन्दै जाहेरीका रूपमा दर्ता गरी कानुनी प्रक्रिया अघि बढाउन मानेको छैन।

प्रहरीले अनुसन्धान अगाडि नबढाउँदा यो विषय संसदमा समेत प्रवेश पाएको छ। सहकारी ठगीमा रवि लामिछाने जोडिएको र यस विषयमा छानबिन हुनुपर्ने माग विपक्षी दल नेपाली कांग्रेसले उठाउँदै आएको छ।

वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।

डिभिजन वन कार्यालय
धनुषा,जनकपुरधाम

## मुख्यमन्त्री यादवको एक. . .

दिएको समर्थन फिर्ता लिएपछि ३० दिनभित्र मुख्यमन्त्रीले जुनसुकै बेला संसद् बैठक आह्वान गरी विश्वासको मत लिनसक्ने प्रावधान रहेको छ ।

**सभामा यस्तो छ गणित**

मधेश प्रदेश सभामा १०७ प्रदेश सभा सदस्य छन् । जसमध्ये बहुमतका लागि ५४ सदस्यको समर्थन चाहिन्छ। दश राजनीतिक दलको प्रतिनिधित्व रहेको मधेश प्रदेश सभामा सबैभन्दा ठुलो दल नेकपा (एमाले) २५, नेपाली कांग्रेस २२, जनता समाजवादी पार्टी नेपालको १९, जनमत पार्टीको १३, लोकतान्त्रिक समाजवादी पार्टी नौ, नेकपा (माओवादी केन्द्र) नौ, नेकपा (एकीकृत समाजवादी) पार्टीको सात, नेपाल सङ्घीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी एक/एक प्रदेश सांसद छन् । पछिल्लो सत्ता गठबन्धनको आधारमा मुख्यमन्त्री यादवलाई विश्वासको मत पाउन सहज रहेको छ । उहाँसँग स्पष्ट बहुमत रहेको छ । सत्ता गठबन्धनअनुसार एमाले २५, जसपा १९, नेकपा माओवादी नौ, नेकपा(एस) सात गरी ६० जनाको समर्थन देखिएको छ ।यता सत्ता गठबन्धन दलभित्र पनि असन्तुष्टि रहेको व्यापक चर्चा चलेको छ। विश्वासको विपक्षमा बहुमत पुऱ्याउन सत्ता बाहिरका दल र सत्ता गठबन्धन दलभित्रका केही प्रदेश सांसदहरू सक्रिय भएको एक जना प्रदेश सांसदले नाम नछाप्ने सर्तमा बताउनुभयो। विश्वासको मत प्राप्त भएन भने अर्को राजनीतिक समीकरण बन्ने उहाँले दाबी गर्नुभयो ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफ्नो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ड्डीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

## महोत्तरीका स्वास्थ्यकर्मीहरुको आग्रह :
# बैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाउन नछुटाऔं




**खबर दर्पण समाचारदाता**
**वैशाख ३ गते, बर्दिवास**

नेपाल राष्ट्रिय भिटामिन ए कार्यक्रम हरेक बर्षको ६ र ७ बैसाखमा संचालन हुँदै आएको छ ।

सोही अनुसार महोत्तरीमा यस्को व्यापक तयारी गरिएको छ ।

जिल्लाका १५ वटै स्थानिय तहहरुमा ६ महिना देखि ५९ महिनासम्मका वालवालिकाहरुलाई निर्धारित मितिमा भिटामिन ए क्याप्सुल जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।यस्को लागी जिल्लाभर स्वास्थ्यकर्मीहरुलाई तयार वनाईसकिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरी कि फोकल पर्सन प्रतिभा सिंहले जानकारी दिईन ।

शरीरलाई स्वस्थ-तन्दुरुस्त राख्न र उचित विकास गर्न महत्त्वपूर्ण मानिएको भिटामिन ए क्याप्सुलसगैं जुकाको औषधि समेत खुवाईने जिल्ला स्वास्थ्य कार्यालयले सोमबार एक पत्रकार सम्मेलनका विच कार्यतालिका नै सार्वजनिक गरेको छ ।

जिल्लाको कुल जनसंख्या मध्ये ५० हजार भन्दा वढी उक्त उमेर समुहका वालवालिकाहरुलाई भिटामिन ए क्याप्सुल खुवाईनेछ भने जुकाको औषधि १ देखि ५ बर्षसम्मका वालवालिकालाई खुवाइनेछ ।

बालबच्चामा भिटामिन 'ए' को कमी भएमा अन्धोपन र छालामा हुने समस्याका साथै उनीहरुको उमेर अनुसार हुनुपर्ने शारीरिक तथा मानसिक विकासमा कमी आउने भएकाले यो खुवाउन महत्त्वपूर्ण रहेको स्वास्थ्यकर्मीहरु वताउछन ।

स्वास्थ्यकर्मी तथा फोकल पर्सन सिंहका अनुसार भिटामिन ए कै कमिको कारण दाँत र हड्डीको पर्याप्त विकास हुन पाउँदैन भने ५ वर्ष मुनिका बालबच्चाको मृत्रुयुदर अरु बच्चाको तुलनामा ४ गुणा उच्च हुने गर्दछ ।

नेपालमा सन् १९९३ पूर्व ५ वर्ष मुनिका बालबच्चाको मृत्रुयुदर उच्च थियो जसको एउटा कारण भिटामिन 'ए' को कमी पनि भएको एक अध्यणले देखाएको छ। १९९३ देखि सरकारले भिटामिन 'ए' क्याप्सुल खुवाउने अभियान सुरु गर पछि ५ वर्षमुनिका बालबच्चाको मृत्रुयुदर क्रमशः घट्दै गएको तथ्यांकले देखाएको छ ।

महोत्तरीमा आफ्ना बालबालिकालाई नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत भिटामिन ए र जुकाको औषधि खुवाउन र समबन्धित पालिकाको स्वास्थ्य साखामा सम्पर्क गर्न स्वास्थ्यकर्मीहरुले अनुरोध गरेका छन ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।
**सबैला नगरपालिका, धनुषा**

**विषादीको प्रयोगमा सचेत बनौं**

- विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु :
- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखी भौ फरफराउनु ।
- नाक पोल्ने, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक(वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लडखडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ(स्वाँ बढ्नु, र मुर्छा पर्नु ।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकाले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

**मिथिला नगरपालिका**
**धनुषा**

# मटिहानी रंगशालामा प्रथम मेयर फुटबल प्रतियोगिता सुरु



**खबर दर्पण समाचारदाता**
**वैशाख ३ गते, जलेश्वर**

महोत्तरी जिल्लाको मटिहानी रंगशालामा सोमबारदेखि प्रथम मेयर फुटबल प्रतियोगिता सुरु भएको छ ।मटिहानी रङ्गशालामा मटिहानी नगरपालिकाको आयोजना तथा जिल्ला फुटबल संघ महोत्तरीको सहयोगमा आयोजित प्रतियोगितामा महोत्तरी र धनुषाका जम्मा आठ वटा फुटबल टिमहरू सहभागी रहेका छन ।

यसै बीच सो मेयर कप फुटबल प्रतियोगिताको मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल,महोत्तरी जिल्लाको प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल,सशस्त्र प्रहरी बल नेपाल मधेश प्रदेशका म्क्षन दीपेन्द्र साह र महोत्तरी पत्रकार महासंघका कार्यवाहक अध्यक्ष सुनीता बरालले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो ।यसैबीच कार्यक्रममा बोल्नु हुँदै प्रमुख मण्डलले खेलकुद हामी सबैको लागि अत्यावश्यक रहेको हुँदा खेलकुदको विकास गर्न आवश्यक रहेको भन्नुभयो।

त्यसै क्रममा बोल्नुहुँदै प्रमुख जिल्ला अधिकारी गेलालले खेलकुदले राष्ट्रको विकासको सँगसँगै राष्ट्रलाई विश्व स्तरसम्म चिनाउन मद्दत गर्दछ ।त्यसै गरी म्क्षन दीपेन्द्र साहले खेलकुदले युवाहरुमा सिर्जनात्मक अभ्यासको विकास गरी समाजमा बढिरहेको सामाजिक अपराध र लागु पदार्थ दुर्ब्यासान कम हुने बिस्वास ब्यक्त गर्नु भयो ।

उक्त प्रतियोगिताको पहिलो खेल आज बैंगखाडी युवा क्लब र एपीएफ ९ नं. गण जलसागर को बीचमा भएको थियो।उक्त खेलमा मध्यान्तर पछि १ गोल हानेका ब्एँ को टीमले बैंगखाडी युवा क्लब १-० को अन्तरले पराजित गरेका छन । यस प्रतियोगिताको दोस्रो खेल भोली दिनको २ बजे देखि एभरेष्ट एफ.सी. सर्लाही ख्र महावीर स्पोर्टस क्लव खजुरी हुने छ ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
**रूफटप होटल एण्ड गेष्ट हाउस**
**मिटिङ्ग हल, पार्टी पैलेश**
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

**आगलागी तथा डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं ।
- सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्तीसमेत उडाउन हुन सक्छन् ।
- जनधन र वनको संरक्षण गरौं ।

सचेत बनौं, डढेलो तथा आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**गणेशमान चारनाथ नगरपालिका**
**धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा